## टीकापुर नगरपालिका उपप्रमुख अनाथ तथा असहाय छात्रबृति  कार्यविधि, २०७६

**स्वीकृत मिति : २०७६/०६/२९**

प्रस्तावनाः

टीकापुर नगरपालिका क्षेत्र भित्र रहेका विद्यालय उमेर पुगेका आर्थिक रुपमा विपन्न, टुहुरा, असहाय, अनाथ बालबालिकाहरुको शिक्षामा पहुँच सुनिश्चित गर्न उपमेयरको संयोजगत्तवमा वार्षिक रुपमा वितरण गरिने छात्रवृत्तिको परिचालन तथा व्यवस्थापन गर्न वाञ्छनिय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ ज (१६) ले दिएको अधिकार प्रयोग गरी टिकापुर नगरपालिकाले देहायको कार्यविधि जारी गरेकोछ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधीको नाम टीकापुर नगरपालिका "उपमेयर अनाथ तथा असहाय छात्रवृत्ति" कार्यविधि, २०७६ रहेको छ ।

(ख) यो कार्यविधि टीकापुर नगरपालिका नगरकार्यपालिका बैठक बाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ख) "कार्यविधि" भन्नाले टीकापुर नगरपालिका "उपमेयर अनाथ तथा असहाय छात्रवृत्ति" कार्यविधि,२०७६ सम्झनु पर्दछ।

(ग) "नगर सभा" भन्नाले संविधानको धारा २२३को उपधारा १ बमोजिम गठित टीकापुर नगर सभालाई सम्झनु पर्दछ ।

(घ) "नगरपालिका " भन्नाले संविधान बमोजिम स्थापना भएको टीकापुर नगरपालिका लाई सम्झनु पर्दछ ।

(ङ) "कार्यालय" भन्नाले टीकापुर नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख" भन्नाले टीकापुर नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) "उपप्रमुख" भन्नाले टीकापुर नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

(ज) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले टीकापुर नगरपालिका नगरकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) "छात्रवृत्ति" भन्नाले उपमेयर अनाथ तथा असहाय छात्रवृत्ति बुझिन्छ ।

(ञ) "अनाथ" भन्नाले टुहूरो , वेवारिसे, निस्सहाय, संरक्षणविहिन वालवालिकालाई सम्झनु पर्दछ ।

(ट)"विद्यालय" भन्नाले नेपाल सरकारबाट स्विकृत प्राप्त सामुदायिक तथा संस्थागत शिक्षण संस्था भन्ने सम्झनु पर्दछ ।

(ठ) "विद्यार्थी" भन्नाले यस नगरपालिकाका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत कक्षा १ देखि १२ सम्मका १८ वर्षमुनिका वालवालिकाहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद -२

### उद्धेश्यहरु

२.१ शिक्षाका राष्ट्रिय नीतिहरुको कार्यान्वयनमा सहयोग पुर्याउने,

२.२. शिक्षाको मुलधारबाट बञ्चित वालवालिकाहरुलाई मुलधारमा समाहित गर्न सहयोग गर्ने,

२.३. शिक्षामा सबैको समान पहुँच पुर्याउने

## परिच्छेद -३

### छात्रवृति छनौटका आधारहरुः

३.१ विद्यालयमा अध्ययनरत अनाथ तथा असहाय छात्रछात्राहरु,

३.२ आमावाबु मध्ये एक जना गुमाएको र आर्थिक रुपले विपन्न,

३.३ पूर्ण असहाय अर्काको घरमा बसि जिविका चलाइ रहेका वालवालिकाहरु,

३.४ आमा वा वाबु दिर्घरोगबाट ग्रसित भई आयआर्जन गर्न नसकेका अभिभावकका छोराछोरीहरु,

३.५ विपत, द्वन्द लगायतका कारण वासस्थान छोडी वा हराएर वा वेवारिसे भएर सडकमा नै जीवन निर्वाह गर्न वाध्य भएका,

३.६ विभिन्न कारणले परिवारबाट परित्यक्त भई सडकमा अलपत्र छाडिएका,

३.७ विशेष परिस्थिति वा पारिवारिक विखण्डनको कारण एक्लै वा साथीसँग आश्रय लिएका वालवालिका

४.  छात्रवृति प्राप्तिका प्रकृया :-

४.१ यस नगरपालिका भित्ररहेका सम्पूर्ण वडा कार्यालयहरुले आ-आफ्नो वडा भित्र रहेका अनाथ बालबालिकाको तथ्याङ्क संकलन गरि कूल अनाथहरुको संख्या एकिन गर्ने  र नजिकमा रहेका बिद्यालयमा शैक्षिक सत्रको शुरुमा भर्ना गर्न अनिवार्य भूमिका निर्वाह गर्ने,

४.२  अनाथ भएको प्रमाणित प्रतिलिपी,

४.३ बिद्यालयले वडा कार्यालयले सिफारीश गरिएका अनाथ बालबालिकाहरुबाट कुनै किसिमको सहयोग नलिई तिनको अध्याबधिक अभिलेख राखि समष्टिगतरुपमा प्रमाणहरु संलग्न गरि समयमा नै नगरपालिका शिक्षा,  युवा  तथा  खेलकुदशाखामा पठाउने ,

४.४ नगरपालिका शिक्षा, युवा तथा खेलकुदशाखामा संकलन भएका बालबालिकाको अभिलेखलाई समयमा नै छात्रवृति समितिमा पेशगरि निर्णयकालागि नगरपालिका अनाथ बालबालिका छात्रवृत्ति वितरण तथा व्यवस्थापन संयोजक समक्ष पेश गर्ने,

४.५    बिद्यालयले सिफारिशका साथै अध्ययनरत रहेको कक्षा, बार्षिक हाजिरी, शैक्षिक प्रगति प्रमाण- पत्र, चारित्रिक प्रमाण-पत्रका साथै वर्ग शिक्षकको प्रतिकृया/राय सहित पेश गर्ने,

४.६    संकलन भएका सम्पूर्ण अभिलेखको अध्ययन गरि, प्रमाणित भएका सबै निवेदकहरुलाई नगरपालिकाले छुट्याएको छात्रवृति कोषको अवस्था हेरि वितरण गरिनेछ ।

तर कुनै बालवालिका निरन्तर बिद्यालयको दैनिक शैक्षणिक, अतिरिक्त कृयाकलापमा अनुपस्थित रहेमा पुन: बिचार गरिनेछ ।

## परिच्छेद - ४

## छात्रवृति ब्यबस्था

५.१ टीकापुर नगरपालिकाले नगर क्षेत्र भित्र कुनै बालबालिका शिक्षाको अवसरबाट बञ्चित नहोउन भन्ने धारणाले अभिप्रेरित भई यस कार्यलाई साकार रुप दिन प्रत्येक वर्ष नगरकार्यपालिकाको बार्षिक बजेटमा समावेश हुने गरि रकमको ब्यबस्था गरिनेछ ।

### ६. छात्रवृति वितरण तथा व्यवस्थापन संचालक समिति

६.१ शिक्षामा सबैको समान पहुँच पुर्याउनका साथै अनाथ, असहायको पठन-पाठनमा कुनै किसिमको अवरोध नपरोस भन्ने भावनालाई अंगिकार गर्दै न्यायोचित वितरणका लागी "उपमेयर" को संयोजकत्वमा "नगर प्रमूख" संरक्षक रहने गरि ५ (पाँच) सदस्यीय तपशिल बमोजिमको छात्रवृति छनौट तथा सिफारिश समिति रहनेछ ।

| | |
|---|---|
| १. नगर उप-प्रमूख | - संयोजक |
| २. प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| ३. सामाजिक विकास समिति संयोजक | -सदस्य |
| 4. कार्यपालिकाको महिला सदस्य १ जना | -सदस्य |
| ५. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | - सदस्य सचिव |

**७. समितीको काम कर्तब्य र अधिकार :-**

७.१ उपरोक्त समितीको काम कर्तब्य र अधिकार यस नगरक्षेत्र भित्र रहेका अनाथ, असहाय बाल वालिकाहरुको शिक्षामा सहजता पुर्याउनुकासाथै अनाथ, असहायहरुको पहिचान, तथ्याङ्क संकलन, छनौट, सिफारिस तथा र वितरणका सम्पूर्ण कार्य रहने छन ।

## परिच्छेद- ५

## छात्रवृति वितरण प्रक्रिया

८. यस छात्रवृतिको बितरण शैक्षिक सत्रको भर्ना पछि प्रथम चौमासिक भित्र बितरण गरिनेछ ।

९. छात्रवृती सम्बन्धि अन्य व्यवस्था

९.१ यो कार्यविधि लागु भएपछि प्रत्येक वडाले आ-आफ्नो सिमाक्षेत्र भित्र रहेका अनाथ, असहायहरुको तथ्याङ्क संकलनमा बिशेष जिम्मेवारीका साथ कार्य सम्पादन गर्नु पर्ने छ ।

९.२ तत्पश्चात हरेक वर्ष वडा कार्यालयमा हुने मृत्यु दर्ता अभिलेख र अन्य सामाजिक अभिलेखका आधारमा सर्वेक्षण गर्न सकिने छ ।

९.३ वडा कार्यालयले दिएका अभिलेखका आधारमा विद्यालयहरुले सबै प्रमाणहरुलाई रुजु गरि एक प्रति बिद्यालयमा रहने गरि अर्को प्रति प्रमाणित गरि समष्टिगत फाराम तयार गरेर टीकापुर नगर शिक्षा शाखामा सिफारिश गर्नु पर्ने छ ।

९.४ विद्यालयहरुबाट सिफारिस भै आएका सम्पुर्ण निवेदन उपर छानबिन गर्न यस नगरपालिकाका प्रमुखको संरक्षण, उपमेयरको संयोजकत्वमा गठित

समितिले दामासाही वा निवेदकको आर्थिक अवस्था हेरी छात्रवृति रकमलाई वितरण गर्न सक्नेछ।

९.५ यस सम्बन्धि अन्य थप व्यवस्था समिति आफैलै निर्धारण गरेअनुसार हुनेछ ।